# रुकुमकोट जिल्ला अदालतबाट जारी भएको
## सूचना

उप्रान्त चन्द्रको नाती बलबहादुर बुढाको छोरा जिल्ला रुकुम (पूर्वी भाग) सिस्ने गा.पा. वडा नं. ६ खोपीचार बस्ने बर्ष ३२ को नविन बुढामगरले आफ्नो बाबु बलबहादुर बुढा मिति २०४९/०८/०६ मा आफ्नै घर जिल्ला रुकुम (पूर्वी भाग) गा.पा. वडा नं. ६ खोपीचारबाट बाहिर निस्की गएदेखि वेपत्ता भई हालसम्म सम्पर्क बिहिन भई घर फर्की नआई वेपत्ता भएकाले निजको मृत्युको न्यायीक घोषणा गरी पाँउ भनी यस अदालतमा निवेदन दिनु भएकोमा यस अदालतको मिति २०८१/१०/०७ मा भएको आदेशानुसार वेपत्ता भएका भनिएका बलबहादुर बुढालाई नजिकबाट चिन्नु जान्नु हुनेले उहाँ कहाँ हुनुहुन्छ ? पछिल्लो पटक कहाँ देख्नु भएको हो? थाहा भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस अदालतमा लिखित जानकारी दिनु होला अन्यथा कानून बमोजिम हुनेछ। इतिसंवत २०८१ साल माघ महिना १३ गते रोज १ शुभम् ..........................................................................................................................